प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, ओखलढुंगा
प्रदेश नं. १
## कार्यक्षेत्र :- ओखलढुंगा

सूचना ! सूचना !! सूचना !!!

## कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७७/०६/०१ गते )

यस कृषि ज्ञान केन्द्र, ओखलढुंगाको चालु आ.व.२०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार संचालन गर्नु पर्ने तपसिलका कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ " बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम कार्यान्वयन गर्नका लागि ओखलढुंगा जिल्ला भित्रका इच्छुक कृषि उद्यमी/कृषक समूह /कृषि सहकारी/कृषि विकास सम्वन्धि समितिहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (अन्तिम मिति २०७७/०६/२१ गते) भित्र सम्बन्धित कार्यविधिको ढाँचामा र कार्यालयको निर्दिष्ट फारम वमोजिम कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र, ओखलढुंगामा आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन ।

कार्यक्रम विवरण

| सि.नं. | कार्यक्रमको नाम | परिणाम / संख्या | अनुदान रकम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार निकायहरु |
|---|---|---|---|---|
| १. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | ३५० हे | बढीमा ७५% सम्म अनुदान /प्रति क्लस्टर ५० हे. हुनु पर्नेछ/अधिकतम ५ लाख २५ हजार अनुदान प्रति क्लस्टर । | कृषक समूह / कृषि सहकारी |
| २. | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग | ३ | बढीमा ७५% सम्म वा अधिकतम ३ लाख अनुदान प्रति गोटा । | कृषक समूह /कृषि सहकारी/ कृषि फर्म/ कृषि उद्यमी |
| ३. | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा अधिकतम १ लाख अनुदान प्रति गोटा । | कृषक समूह /कृषि सहकारी/ कृषि फर्म/ कृषि उद्यमी/कम्पनि वा संस्थाहरु |
| ४. | बीउविजन आत्मनिर्भर कार्यक्रम (पहिलो वर्ष) | १ | बढीमा ७५% सम्म वा अधिकतम ६ लाख अनुदान प्रति गोटा । | बिउ उत्पादक कृषक समूह, निजि बिउ उत्पादक उद्यमी /सहकारी संस्था |

नि.प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५. | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | २६ | बढीमा ७५% सम्म वा अधिकतम १ लाख अनुदान प्रति गोटा । | १८ देखि ५० वर्ष उमेर ननाघेका, विदेशवाट फर्केका, तथा विदेश जान लागेका स्थानिय वेरोजगार यूवाहरु |
| ६. | बीउविजन आत्मनिर्भर कार्यक्रम (तेश्रो वर्ष) | १ | बढीमा ७५% सम्म वा अधिकतम ५ लाख अनुदान प्रति गोटा । | गत २ आ.व.मा बीउविजन आत्मनिर्भर कार्यक्रममा सहभागी बिउ उत्पादक कृषक समूह, निजि बिउ उत्पादक उद्यमी /सहकारी संस्था लाई निरन्तरता दिने |
| ७. | कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | १ | औजार उपकरणमा अधिकतम ७५% अनुदान प्रति गोटा । | कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म |

संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु :

१. निवेदन साथ रु १० को हुलाक टिकट ।

२. संस्था /समुह/सहकारी/समिति दर्ताको प्रमाणपत्र, नवीकरण, ग.त. आ.व.को कर चुक्ता, PAN वा VAT प्रमाण पत्रको को प्रमाणित प्रतिलिपि ।

३. आवेदकको नेपाली नागरिकताकता प्रमाणपत्रको प्रतिलिपी (समूह/सहकारीको हकमा संचालक समितिको) ।

४. सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि।

५. समूह/सहकारी को हकमा संचालक समितिको निर्णयको प्रतिलिपि ।

६. खेती गर्ने जग्गाको जग्गा धनीपुर्जाको प्रमाणित प्रतिलिपि ।

७. जग्गा भाडामा लिएर खेती गर्नेको हकमा जग्गा भाडामा लिएको करारनामा।

८. स्थानीय वडा कार्यालयको सिफारिस ।

९. स्थानीय तह कृषि शाखाको सिफारिश ।

१०. सम्बन्धित कार्यक्रम सम्बन्धि प्रविधिक ज्ञान/तालिम/अनुभव भए त्यस प्रमाणको प्रतिलिपि ।

११. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।

१२. निवेदन तथा संक्षिप्त कर्ययोजना सम्बन्धि ढाँचा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ओखलढुंगाको टोल फ्री नं. १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० मा सम्पर्क राख्नु हुन वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेभसाईट www.molmac.p1.gov.np वा कृषि विकास निर्देशनालय प्रदेश नं. १ को www.doadp1.gov.np बाट "कृषि व्यवसाय प्रबर्दन अनुदान कार्यविधि २०७६" डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

नि.प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देसनालय
प्रदेश नं.१
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
ओखलढुंगा

फोन नं.०३७-५२०२१०
Email:vhlsokhaldhunga@gmail.com

# प्रस्ताव आह्वानको सूचना

सूचना नं.१/२०७७/०७८

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०५**
**प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७७/०६/१९**

यस कार्यालयको आ.व.२०७७/०७८ को बार्षिक लक्ष्य अनुसार देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनका लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यबिधि २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी **ओखलढुंगा जिल्लाका** लागत साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय सम्ममा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेस हुन नसक्ने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगाको फोन **नं.०३७-५२०२१० र ०३७-५२०५९८** मा सम्पर्क गर्नुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ बिराटनगरको वेबसाइट **www.molmac.p1.gov.np** बाट **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यबिधि-२०७६** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ । एउटै प्रकृतिका कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ र सो अन्तर्गतका कुनै पनि निकायहरुवाट अनुदान प्राप्त गरेका व्यवसायी वा संघ/संस्थालाई ३ बर्ष सम्म अनुदान प्राप्त हुने छैन ।

**कार्यक्रम बिवरण :**

| क्र. स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार निकायहरु | कै. |
|---|---|---|---|---|---|
| १ | बाखाको बृहतर पकेट प्याकेज कार्यक्रम | २ पकेट क्षेत्र | कुल लागतको ७५ प्रतिशत वा बढिमा २० लाख प्रति पकेट । | कृषि/पशु पालनमा आबद्ध सहकारी संघ/संस्था, बाखा पालन ब्यवसायीक संघ/संस्था र कृषक समुह/समिति | |
| २ | ब्यवसायिक बाखा फार्महरुलाई गोठ/खोर निर्माण तथा जैविक सुरक्षा सुदृढिकरण सुधारमा अनुदान | ४ संख्या | कुल लागतको ७५ प्रतिशत वा बढिमा २ लाख प्रति फार्म | निजी, सामुहिक वा सहकारी ब्यवसायिक बाखा पालन फार्महरु | |

**प्रस्तावका साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु :**

१.रु. १० को हुलाक टिकट टाँस गरिएको ढाँचा बमोजिमको आवेदन पत्र
२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
३.फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
४.पछिल्लो पटकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
५.भ्याट/पान नम्वरको प्रतिलिपी
६.समुह/सहकारी/संस्था संचलक समितिको निर्णय प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी अनिवार्य
७.यदि जग्गा भाडामा भए मालपोत तिरेको रसिद सहित कम्तिमा १० बर्ष करार सम्झौता गरेको कागजात ।
८.एकाघर परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मन्जुरीनामा पत्र ।
९.स्थानिय तहको पशु सेवा शाखाको सिफारिस पत्र ।
१०.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
११.समान प्रकृतिको अनुदान नलिएको स्वघोषण पत्र ।
१२.कार्यक्रम संचलनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावति कार्य योजना सहित सफा फायलमा संलग्न राखी पेश गर्नुपर्नेछ ।

२०७७/०६/०५
मोहन बहादुर गुरुङ
प.चि. अधिकृत आठौं तह
जि. कार्यालय प्रमुख

**नोट :**

- अनुदान संग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित कार्यालयबाट उपलब्ध गराईनेछ ।
- कृषि/पशु पालनमा आबद्ध सहकारी संघ/संस्था, बाखा पालन ब्यवसायीक संघ/संस्था, कृषक समुह/समिति तथा निजी, सामूहिक वा सहकारी ब्यवसायिक बाखा पालन फार्महरु यो सूचना प्रकाशित भएको मिति भन्दा अगावै सन्बन्धित निकायमा अनिवार्य दर्ता भै संचालनमा रहेको हुनुपर्ने छ ।